म.प.बै.सं. ११।०८०

## संवत् २०८० साल कार्तिक ३ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरुः

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः शिक्षा तथा संस्कृति मन्त्रालय र खेलकुद तथा समाज कल्याण मन्त्रालयको सांगठनिक संरचना एवं दरबन्दी तेरीज" स्वीकृत गर्ने ।

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः शिक्षा विकास निर्देशनालयमा एघारौं तहमा कार्यरत निर्देशक श्री चुडामणि फुयाललाई खेलकुद तथा समाज कल्याण मन्त्रालयको निमित्त प्रदेश सचिवको जिम्मेवारी प्रदान गर्ने ।

३. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयः आर्थिक सहायता व्यवस्थापन कार्यविधि, २०८० बमोजिम उपचार सहायता वापत लाग्ने अनुमानित रकम रु. दश करोड मात्र श्री अर्थ मन्त्रालयले मधेश प्रदेश विनियोजन ऐन, २०८० को अधीनमा रही बजेट व्यवस्थापन गर्ने ।

४. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयः प्रादेशिक अस्पताल, लहानको नाम परिवर्तन गरी राम कुमार शारडा उमा प्रसाद मुरारका प्रादेशिक अस्पताल, लहान कायम गर्ने ।

५. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयः स्वास्थ्य कार्यालयहरुका लागि अस्थायी दरबन्दी स्वीकृत गर्ने ।

६. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयः प्रयोगशालाहरुका लागि अस्थायी दरबन्दी स्वीकृत गर्ने ।

७. भौतिक पूर्वाधार विकास मन्त्रालयः कार्यालय सहयोगी सरहको तह विहिन अस्थायी दरबन्दी स्वीकृत गर्ने ।

८. भौतिक पूर्वाधार विकास मन्त्रालयः शहीद परिवारलाई रोजगारी उपलब्ध गराउने प्रयोजनार्थ कार्यालय सहयोगी सरहको तह विहिन अस्थायी दरबन्दी स्वीकृत गर्ने ।

९. ऊर्जा, सिंचाई तथा खानेपानी मन्त्रालयः उच्च प्रविधियुक्त खानेपानी कार्यक्रमको लागि अस्थायी दरबन्दी सृजना गर्ने ।

१०. शिक्षा तथा संस्कृति मन्त्रालयः व्यावसायिक तथा सीप विकास तालिम केन्द्र, धनुषा र रौतहटको अस्थायी दरबन्दी सृजना गर्ने ।

११. शिक्षा तथा संस्कृति मन्त्रालयः मुख्यमन्त्री बेटी पढाउँ बेटी बचाउँ अभियान अन्तर्गतको योजना तथा कार्यक्रम सञ्चालन गर्न आ.व. ०८०/०८१ को लागि अस्थायी दरबन्दी सृजना गर्ने ।

१२. गृह, सञ्चार तथा कानून मन्त्रालयः आ.ब. २०८०।८१ को लागि विभिन्न सेवा, समूह, तहको १८ वटा अस्थायी दरबन्दी स्वीकृत गर्ने ।

द्रष्टव्यः निर्णयसँग सम्बन्धी विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ ।

म.प.बै.सं. १२।०८०

**संवत् २०८० साल कार्तिक २२ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरुः**

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः मधेश प्रदेशको लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि, २०८० स्वीकृत गर्ने ।

२. गृह, सञ्चार तथा कानून मन्त्रालयः कर्णाली प्रदेशका भुकम्प प्रभावितहरुको राहत तथा उद्धारको कार्यमा सहायताका लागि देहायबमोजिम गर्ने ।"

(क) गृह मन्त्रालयले ६० (साठी) लाख रुपैयाँ बराबरको राहत तथा उद्धार सामग्री प्रचलित खरिद सम्बन्धी कानून बमोजिम सार्वजनिक निकायबाट खरिद गरी उपलब्ध गराउने ।

(ख) खण्ड (क) बमोजिम लाग्ने बजेट अर्थ मन्त्रालयले मधेश प्रदेश विनियोजन ऐन, २०८० को अधीनमा रहि व्यवस्थापन गर्ने ।

३. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयः प्रदेश कृषि विकास विधेयक, २०८० प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने ।

४. भौतिक पूर्वाधार विकास मन्त्रालयः प्रादेशिक तथा स्थानीय सडक सुधार आयोजना (PLRIP) कार्यक्रम संचालन गर्न प्रादेशिक आयोजना व्यवस्थापन इकाई (PPMU) को लागि अस्थायी दरबन्दी स्वीकृत गर्ने ।

५. भौतिक पूर्वाधार विकास मन्त्रालयः भौतिक पूर्वाधार विकास मन्त्रालय र पूर्वाधार विकास निर्देशनालयको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O and M) स्वीकृत गर्ने ।